गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा,नेपाल

## विपद्का कारण विद्यालयमा पुगेको क्षति न्यूनीकरणका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०४/१८ गते

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयबाट चालू आर्थिक वर्ष २०८३/०८४ मा कार्यान्वयन हुने कार्यक्रमहरू मध्ये प्रदेश र स्थानीय तहको साझेदारिमा प्रदेशबाट सञ्चालित प्राविधिक सर्वेक्षण समेतका आधारमा गुरुयोजना बमोजिम विपद्बाट क्षति भएका समेत विद्यालयको भौतिक सुधार अनुदान कार्यक्रम अन्तर्गत विपद्जन्य घटनाका कारण सामुदायिक विद्यालयहरुमा क्षति पुगेको भए उक्त क्षति (२०८३ असार देखि यता) न्यूनीकरणका लागि देहाय बमोजिमका कागजातहरू सहित बिपद्जन्य घटना घटेको मितिले १५ दिनभित्र यस मन्त्रालय वा सम्बन्धित जिल्लाका एकीकृत सेवा कार्यालयहरूमा प्रस्ताव सहितको फाइल पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१.कार्यक्रमको नामः प्रदेश र स्थानीय तहको साझेदारिमा प्रदेशबाट सञ्चालित प्राविधिक सर्वेक्षण समेतका आधारमा गुरुयोजना बमोजिम विपद् बाट क्षति भएका समेत विद्यालयको भौतिक सुधार अनुदान

२. प्रस्ताव साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू

(क) विद्यालयको माग निवेदन र प्रस्ताव पत्र

(ख) विद्यालय व्यवस्थापन समितिको निर्णय

(ग) क्षतिको लागत अनुमान(प्राविधिकबाट प्रमाणित)

(घ) स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय

(ङ) विपद् व्यवस्थापनका लागि कुनै सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नगरेको विद्यालयको पत्र

(च) प्राविधिक निर्माण कार्यमा सहजीकरण गर्ने प्रतिबद्धता सहित स्थानीय तहको सिफारिस

(छ) IEMIS मा क्षतिको विवरण खुलाइ स्थानीय तहबाट प्रमाणित गरेको प्रति

(ज) सुरक्षा निकायको रोहवरमा तयार पारिएको मुचुल्का

(झ)क्षतिका स्पषट बुझिने फोटोहरू

नोटः प्रस्तावको ढाँचा मन्त्रालयको वेबसाइट mosdys.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

थप जानकारीका लागिः

नबराज पौडेल (शा.अ.)- ९८४६१३४६११

चोलाकान्त सुवेदी (प्रा.स.) -९८४६३४४५६७

(उप सचिव)